# भारतको ७५ औं गणतन्त्र दिवस मनाउँदै

## राजदूतको सन्देश



भारतले आफ्नो ७५ औं गणतन्त्र दिवस मनाउँदै गर्दा नेपालमा रहनुभएका भारतका साथी एवम् मेरा भारतीय मित्रहरूमा मेरो न्यानो अभिवादन टक्र्याउन चाहन्छु । राष्ट्रको आशा एवम् आकांक्षालाई मूर्त रूप दिदै आजकै दिन सन् १९५० मा भारतको संविधान कार्यान्वयनमा आएको थियो । यस महत्वपूण दिनलाई आज मनाउँदै गर्दा हाम्रा माननीय प्रधानमन्त्रीले परिकल्पना गरे अनुसार भारतलाई सन् २०४७ सम्ममा विकसित राष्ट्र बनाउन हामी हाम्रो संकल्पमा कटिबद्ध छौं ।

'सबका साथ, सबका विकास, सबका विश्वास, सबका प्रयास' मार्गदर्शक सिद्धान्त बोकेको भारतले यस अमृत कालमा विकसित राष्ट्र बन्ने यात्रामा हासिल गरेको प्रगति थप गतिशील छिमेकी पहिलो नीतिमा अभिव्यक्त भएको छ । हाम्रो नेपाल सँगको सम्बन्धमा पनि यही कुरालाई जोड दिदै पारस्परिक लाभ हेतु सहस्राब्दी पुरानो सभ्यतागत सम्बन्धलाई आधुनिक साझेदारीमा रूपान्तरण गरिँदैछ ।

यस सम्बन्धमा सन् २०२३ को मे-जुनमा नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमण कोसेढुङ्गाको रूपमा रह्यो । हाम्रो सम्बन्धलाई गति प्रदान गर्न र हाम्रो साझेदारीलाई सुपरहिट बनाउन प्रधानमन्त्री प्रचण्ड र भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले कैयौं महत्वपूर्ण निर्णयहरू गर्नुभयो । यसमा नयाँ एकीकृत जाँच चौकी (आइसिपी) निर्माण गर्ने घोषणा, नेपालको पारवहन कार्गोका लागि भारतको आन्तरिक जलमार्गमा पहुँच प्रदान गर्ने संशोधित पारवहन सन्धिबारे सम्झौता, अन्तरदेशीय मालवाहक रेलको संचालन, नेपालको सुदूरपश्चिमलाई भारतसँग जोड्न शिरसा र झुलाघाटमा नयाँ मोटरेबल पुलको निर्माण र निर्बाध वित्तीय कनेक्टिभिटीका लागि डिजिटल भुक्तानीको सहजीकरण जस्ता निर्णयहरू समावेश थिए ।

दुवै देशले ऊर्जा कनेक्टिभिटी विस्तारमा उल्लेखनीय प्रगति हासिल गरेका छन् । १३२ केभी क्षमताका तीनवटा नयाँ अन्तरदेशीय प्रसारण लाइनको उद्घाटन, ४०० केभी क्षमताको गोरखपुर-नयाँ बुटवल प्रसारण लाइनको भारततर्फको खण्डको निर्माण गर्न भूमिपूजन, नेशनल थर्मल पावर कर्पोरेशन (एनटिपीसी) र नेपाल विद्युत प्राधिकरणबीच नवीकरणीय ऊर्जामा सहकार्यका लागि सम्झौता, मोतिहारी-अमलेखगन्ज पाइपलाइनको दोस्रो चरणको शिलान्यास र अमलेखगन्ज र चितवनबीच र सिलिगुरी र झापाबीच नयाँ पाइपलाइनका लागि भएको सम्झौताले ऊर्जाको सम्पूर्ण क्षेत्रमा हाम्रो सहकार्यलाई मजबुत बनाउन मद्दत गर्नेछ ।

दुई प्रधानमन्त्रीबीच ऊर्जा व्यापार सम्बन्धी दीर्घकालीन सम्झौता सम्पन्न गर्ने निर्णयले नयाँ अध्याय थपेको छ । यस महिनाको सुरुमा हस्ताक्षर भएको यो सम्झौताले दश वर्षको अवधिभित्र नेपालबाट भारतमा हुने विद्युत निर्यातको परिमाण १० हजार मेगावाट पुर्‍याउने लक्ष्य राखेको छ । नेपालले सन् २०२३ मा भारतमा नेरू. १५ अर्बको विद्युत निर्यात गरेको छ । यो निर्यातले यस पारस्परिक लाभकारी सहकार्यको अपार सम्भावनालाई देखाउँछ । दुवै देश बंगलादेशसँग ऊर्जा क्षेत्रमा क्षेत्रीय व्यापार बढाउने प्रक्रियामा छन् ।

भरपर्दो साथी र साझेदारको रूपमा रहेको भारत सङ्कटको समयमा पनि पहिलो रेस्पोन्डर रहदै आएको छ । जाजरकोटमा भूकम्प गएलगत्तै भारतले तुरून्तै नेपाललाई अत्यावश्यक राहत सामग्री उपलब्ध गराएको थियो । भारतका विदेशमन्त्री डा. एस जयशंकरको हालै भएको नेपाल भ्रमणका दौरान प्रिफ्याब घर र अन्य अत्यावश्यक सामग्रीसहितको पाँचौं चरणको राहत सामग्री नेपाललाई हस्तान्तरण गरिएको थियो । भारतले नेपालको पुनर्निर्माणमा सहयोग गर्न नेरू. १००० करोड आर्थिक सहयोग उपलब्ध गराउने घोषणा पनि गरेको छ ।


गत वर्ष पनि हाम्रो साझेदारीले नयाँ क्षेत्रमा विस्तार एवम् विकसित हुने मौका पायो । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका विद्यार्थीहरूद्वारा निर्मित स्याटेलाइटको प्रक्षेपणका लागि हामीबीच सम्झौता सम्पन्न भयो । यसबाहेक, चन्द्रयान-३ मिशनले देखाएको अन्तरिक्ष प्रविधि जस्ता क्षेत्रमा भारतको क्षमताले भविष्यमा सहकार्यका लागि नयाँ बाटाहरू पनि खोलेको छ । हाम्रा जनता-जनताबीचको सदियौं पुरानो सम्बन्धलाई अझ बलियो बनाउन क्रिकेट एक उत्साहजनक क्षेत्रको रूपमा उदाएको छ । विकासको यात्रामा अघि बढ्दै गरेको नेपालका लागि डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर र मल्टिमोडल कनेक्टिभिटीका लागि पीएम गतिशक्ति जस्ता क्षेत्रमा भारतले बटुलेको अनुभव निकै काम लाग्न सक्छ ।

भारत र नेपालले विश्वव्यापी क्षेत्रमा पनि सँगै मिलेर काम गरिरहेको छ । भारतले आयोजना गरेको भ्वाइस अफ ग्लोबल साउथमा र गत वर्ष भारतको अध्यक्षतामा सम्पन्न भएको जी-२० शिखर सम्मेलनको फाइनान्स ट्र्याक बैठकमा नेपालको रचनात्मक सहभागीताले यसलाई प्रतिबिम्बित गरेको छ । 'एक पृथ्वी, एक परिवार, एक भविष्य' को नारा दिई जी-२० को अध्यक्षता सफलतापूर्वक निभाएको भारतले बलियो साथसाथै दिगो, सन्तुलित र समावेशी विकासलाई र विकासशील राष्ट्रका आ-आफ्ना चाहना एवम् आकांक्षालाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकतालाई औंल्याएको थियो । यसले नेपाल र भारतबीचको समन्वयलाई थप सुदृढ गर्ने नयाँ अवसर प्रदान गरेको छ ।

सन् २०२४ मा हाम्रा देशका जनताको समृद्धिका लागि हाम्रो बहुआयामिक साझेदारीलाई थप उचाइमा पुर्‍याउन दुवै देशले अझ महत्वपूर्ण कदम चाल्नेछन् भन्ने कुरामा म विश्वस्त छु ।

नवीन श्रीवास्तव

## भारत-नेपाल सम्बन्ध बलियो बनाउँदै



o नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को सन् २०२३ मे-जुनमा सम्पन्न भारत भ्रमणका दौरान भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँगको छलफलपश्चात केही ऐतिहासिक निर्णय भए जसमा दीर्घकालीन ऊर्जा व्यापार, जलविद्युत आयोजनाहरूको विकास, नयाँ पेट्रोलियम पाइपलाइन र अन्तरदेशीय भुक्तानी समावेश छन् ।




o दक्षिण-दक्षिण सहकार्य सुदृढ बनाउँदै : सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सन् २०२३ नोभेम्बरमा दोस्रो भ्वाइस अफ ग्लोबल साउथमा सहभागीता जनाउनुभयो । नेपालले यसअघि सन् २०२३ जनवरीमा पनि पहिलो भ्वाइस अफ ग्लोबल साउथमा सहभागीता जनाएको थियो ।




o नेपालका अर्थमन्त्रीले सन् २०२४ जनवरी १०-१२ सम्म भारतमा आयोजना गरिएको १० औं भाइब्रेन्ट गुजरात ग्लोबल समिटमा सहभागीता जनाएका थिए । उक्त समिटमा नेपाल लगायत जापान, फिनल्याण्ड, जर्मनी, युएई आदि साझेदार राष्ट्रको रूपमा सहभागी थिए ।




o बाघ, सिंह, चितुवा, हिउँ चितुवा, चीता, ज्यागवार र पुमा जस्ता सात ठूला बिरालाको संरक्षणका लागि मैसुरमा सन् २०२३ अप्रिल ९ मा शुभारम्भ गरिएको इन्टरनेशनल बिग क्याट एलायन्समा ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री श्री शक्ति बहादुर बस्नेत सहभागी हुनुभयो ।



o भूतपूर्व उप-प्रधानमन्त्री तथा अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेलले सन् २०२३ फेब्रुअरी २४-२५ सम्म बेंगलुरू, कर्नाटकमा आयोजित पहिलो जी-२० अर्थमन्त्री तथा केन्द्रीय बैंक गभर्नर (एफएमसीबीजी) बैठकमा सहभागीता जनाउनु भयो । भारतले जी-२० को अध्यक्षता गरेको बेला सो बैठकको आयोजना गरिएको थियो ।

## विदेशमन्त्रीको भ्रमण







o भारत-नेपाल संयुक्त आयोगको सातौं बैठकका लागि भारतका विदेशमन्त्री डा. एस जयशंकरले सन् २०२४ जनवरी ४-५ सम्म नेपालको औपचारिक भ्रमण गर्नुभयो । आयोगको बैठकमा भारत र नेपालबीचको द्विपक्षीय सहकार्यको समग्र पक्षमा समीक्षा भएको थियो । भारतका विदेशमन्त्री डा. एस जयशंकरको भ्रमणका दौरान दीर्घकालीन ऊर्जा व्यापार, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानद्वारा निर्मित मुनाल स्याटेलाइटको प्रक्षेपण सेवा, एनटीपीसी लिमिटेड र नेपाल विद्युत प्राधिकरणबीच नवीकरणीय ऊर्जा विकासमा सहकार्य र नेपालमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनका लागि दुवै पक्षबीच सम्झौतात्रमा हस्ताक्षर भएको थियो । भारतका विदेशमन्त्री डा. एस जयशंकर र नेपालका परराष्ट्रमन्त्री श्री एनपी साउदले रक्सौल-परवानीपुर लाइनको दोस्रो सर्किट, कटैया-कुशाहा लाइनको दोस्रो सर्किट र नयाँ नौतनवा-मैनहिया लाइन गरी भारत र नेपालबीच रहेको तीनवटा १३२ केभी अन्तरदेशीय प्रसारण लाइनको संयुक्त रूपमा उद्घाटन गर्नुभयो । दुवै मन्त्रीले भारत सरकारको अनुदान सहयोगमा निर्माण गरिएको त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको नयाँ भवन सहित शिक्षा, स्वास्थ्य र सांस्कृतिक क्षेत्रमा भूकम्पपछिका ५९ वटा पुनर्निर्माण परियोजनाको पनि उद्घाटन गर्नुभयो । भ्रमणका क्रममा विदेशमन्त्री एस जयशंकरले नेपालका सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल र नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग शिष्टाचार भेटवार्ता गर्नुभयो ।

## छिमेकी पहिलो : भारतको राहत प्रयास



o चाहे त्यो २०७२ सालको भूकम्प होस् वा कोभिड-१९ महामारी ताका होस् वा जाजरकोट र पश्चिम रूकुम जिल्लामा हालै गएको भूकम्पको बेला होस् सङ्कटको घडीमा भारत नेपालका लागि पहिलो रेस्पोन्डरको रूपमा रहदै आएको छ । जाजरकोटमा भूकम्प गएलगत्तै भारतले तत्कालै नेपाललाई राहत सामग्री उपलब्ध गराएको थियो । पाँच चरणमा नेपाललाई प्रदान गरिएको सो राहत सामग्रीमा त्रिपाल, टारपोलिन सिट, कम्बल, स्लीपिङ्ग ब्यागका साथ साथै अत्यावश्यक औषधी र चिकित्सा उपकरण समावेश थिए । भारतले नेपालको पुनर्निर्माण प्रयासमा सहयोग गर्न हेतु नेपाललाई नेरू. १००० करोड आर्थिक सहयोग गर्ने घोषणा पनि गरेको छ ।








## भारतको जी-२० अध्यक्षता 'एक पृथ्वी, एक परिवार, एक भविष्य'







## विकास साझेदारी



o नेपालमा सञ्चालित उच्च प्रभाव सामुदायिक विकास परियोजनाले सन् २०२३ मा २० वर्ष पुरा गऱ्यो । नेपाल सरकारको प्राथमिकतामा रहेको विभिन्न क्षेत्रमा ५५० भन्दा बढी परियोजनाहरू समाविष्ट यस कार्यक्रमका लागि भारतको नेपाल लाई कूल अनुदान सहयोग नेरू. १२ अर्बभन्दा बढी रहेको छ ।



o मोतिहारी-अमलेखगन्ज पाइपलाइन (दोस्रो चरण) साथै अमलेखगन्ज-चितवन र सिलिगुरी-झापामा थप नयाँ पाइपलाइन तथा चितवन र झापामा ग्रीनफिल्ड टर्मिनलको निर्माणले ऊर्जा कनेक्टिभिटीलाई सुदृढ बनाउनेछ ।



o २०७२ सालको भूकम्पपछिको पुनर्निर्माण अन्तर्गत त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय सहित स्वास्थ्य, शिक्षा र सांस्कृतिक क्षेत्रमा सन् २०२३ को सुरूवाती यता १०० भन्दा बढी पुनर्निर्माण परियोजनाको उद्घाटन भइसकेको छ ।





**९७४** एम्बुलेन्स उपहारस्वरूप प्रदान **२३४** स्कुल बस उपहारस्वरूप प्रदान

## क्षेत्रगत सहकार्य



o मल्टि मोडल कनेक्टिभिटीका लागि नेशनल मास्टर प्लान पीएम गतिशक्तिको कार्यान्वयनका विभिन्न पक्षको अवलोकन गर्न नेपाली प्रतिनिधिमण्डलले सन् २०२३ अक्टोबर १३-१९ सम्म भारतको भ्रमण गरेको थियो ।



o ऊर्जा क्षेत्रमा सहकार्य सम्बन्धी संयुक्त संचालक समितिको ११ औं बैठक सन् २०२४ जनवरी ५ मा चितवनमा सम्पन्न भयो । सो बैठकले द्विपक्षीय ऊर्जा क्षेत्र सहकार्यबारे विस्तृत समीक्षा गरेको थियो ।

## रक्षा सहकार्य




**सूर्य किरण** : भारत-नेपाल संयुक्त सैन्य अभ्यास 'सूर्य किरण' को १७ औं संस्करण सन् २०२३ डिसेम्बरमा भारतमा सम्पन्न भयो । दुवै देशका इन्फेन्ट्री बटालियनले सँगै प्रशिक्षण लिएका थिए ।



o सुरक्षा विषय सम्बन्धी भारत-नेपाल द्विपक्षीय परामर्श समूहको पन्ध्रौं बैठक सन् २०२३ अक्टोबरमा पोखरामा सम्पन्न भयो । उक्त बैठकमा आपसी सुरक्षा र प्रतिरक्षा सहकार्यसँग सम्बन्धित विविध विषयवस्तुमा छलफल भएको थियो ।

## शिक्षा तथा प्रशिक्षण सहकार्य



o भारत साथै नेपालमा विभिन्न विषयमा अध्ययन गर्न चाहने नेपाली नागरिकलाई भारतले प्रत्येक वर्ष करिब १५०० छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

**नेपालमा अध्ययन गर्नका लागि**

- **५००** कक्षा ११ र १२ मा अध्ययन गर्नका लागि महात्मा गान्धी छात्रवृत्ति योजना अन्तर्गत
- **२००** विभिन्न स्नातक तहका कोर्षमा अध्ययन गर्नका लागि स्वर्ण जयन्ती छात्रवृत्ति योजना अन्तर्गत

**भारतमा अध्ययन गर्नका लागि**

- **७००** विभिन्न स्नातक, स्नातकोत्तर र विद्यावारिधी तहका कोर्षका लागि
- **३३** भारतमा आर्मी पब्लिक स्कुलमा अध्ययन गर्नका लागि



o भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) अन्तर्गत वर्ष २०२३ मा नेपालका ५०० पेशाकर्मीले भारतका ४७ वटा प्रतिष्ठित संस्थानहरू जस्तै आइआइटी रूड्की, आइआइएम कोफिकोड, दिल्ली विश्वविद्यालयको सेन्ट स्टीफन कलेज आदिमा ९१ वटा कोर्षमा तालिम लिएका थिए ।

## सांस्कृतिक सम्बन्ध



o बौद्ध धर्ममा केन्द्रित हुँदै भारत र नेपालको समृद्ध सांस्कृतिक सम्पदा र परम्परालाई झल्काउन भगवान बुद्धको जन्मस्थल लुम्बिनीमा सन् २०२३ डिसेम्बरमा भारत-नेपाल सांस्कृतिक महोत्सवको आयोजना गरिएको थियो ।



o भारत र नेपालको साझा सांस्कृतिक सम्पदा मनाउन सन् २०२३ अक्टोबर १४ मा दशैं महोत्सवको आयोजना गरिएको थियो । उक्त महोत्सवमा उदीयमान नेपाली ब्याण्ड सोनागी ब्लुज र स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका विद्यार्थीले आफ्नो प्रस्तुति प्रस्तुत गरेका थिए ।